# विश्वेश्वरप्रसाद कोइरालाका आख्यानमा सङ्केन्द्रीकरणको प्रयोग

**सह प्रा.डा. वीरेन्द्र पुडासैनी,** Email : pdsbirendra@gmail.com
(भीमोदय बहुमुखी क्याम्पस, आरुघाट, गोरखा)

**ARTICLE INFO**

*Received : 13 Jun. 2025*
*Revised : 08 Jul. 2025*
*Accepted : 24 Aug. 2025*

***लेखसार***

*'विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा सङ्केन्द्रीकरणको प्रयोग' शीर्षकको शोधमूलक लेख सङ्केन्द्रीकरणका आधारमा कोइरालाका 'तीन घुम्ती' र 'नरेन्द्र दाइ' उपन्यासमा के कस्ता कलात्मकताको प्रयोग गरिएका छन् भन्ने प्राज्ञिक जिज्ञासामा केन्द्रित रहेको छ। कोइरालाका उपन्यासलाई सङ्केन्द्रीकरणका दृष्टिबाट अध्ययन विश्लेषण गर्नु यस अनुसन्धानको उद्देश्य रहेको छ। यसका लागि प्रथमतः सङ्केन्द्रीकरणको सैद्धान्तिक आधारलाई केलाउने प्रयास गरी त्यसैअनुसार कृति विश्लेषण गरिएको छ। यसमा पुस्तकालयीय कार्यबाट स्रष्टाका उपन्यासलाई प्राथमिक स्रोत र कोइरालाका उपन्यासका बारेमा भएका पूर्व अध्ययन तथा आख्यानशास्त्रसम्बन्धी अध्ययनलाई द्वितीयक सामग्री मानेर शोध गरिएको छ। आख्यानशास्त्रको महत्वपूर्ण कोटि सङ्केन्द्रीकरण दृष्टिविन्दुको विस्तारित रूप र आख्यानको नयाँ अवधारणा हो। यसलाई व्यक्ति विशेषको संज्ञानका आधारमा आख्यानका सूचना सीमित गर्ने प्रविधि मानिन्छ। आख्यानशास्त्री जेनेटले यसलाई आन्तरिक, बाह्य र शून्य गरी तीन भागमा वर्गीकरण गरेका छन्। सूचनालाई चरित्र विशेषमा सीमित नगरी सर्वज्ञ समाख्याताले असीमित रूपमा सूचना प्रवाह गरेमा त्यसलाई शून्य सङ्केन्द्रीकरण, सिनेमामा देखे जस्तै गरी चरित्रले आफ्नो नेटोभित्र बेग्लाबेग्लै परिस्थिति र सूचनालाई निश्चित दृष्टिविन्दुबाट हेर्दछ भने त्यसलाई बाह्य सङ्केन्द्रीकरण, आख्यानभित्रको एउटा निश्चित चरित्र विशेषको दृष्टिविन्दुलाई सीमित गरी उसकै संज्ञानका आधारमा सूचनाहरू सीमित गरिएमा त्यसलाई आन्तरिक सङ्केन्द्रीकरण भनिन्छ। सङ्केन्द्रीकरणको उत्तर जेनेटियन सिद्धान्तमा आख्यानशास्त्री बलले आख्यानभित्रको सूचना चाल पाउने आधारमा सङ्केन्द्रक व्यक्तिको जेष्ठता हुने विचार प्रकट गरेकी हुँदा यो प्रसङ्ग स्मरणयोग्य छ। कोइरालाका 'तीन घुम्ती' उपन्यासमा मूल चरित्र इन्द्रमायालाई सङ्केन्द्रक बनाई आख्यानका सूचना सीमित गरिएकाले आन्तरिक सङ्केन्द्रीकरणअन्तर्गत निश्चित सङ्केन्द्रीकरण भएको देखिन्छ। सङ्केन्द्रक चरित्रले सूचना चाल पाउने स्पर्श, दृष्टि एवं श्रवण जस्ता रीतको प्रयोग पाइने यहाँ सङ्केन्द्रक चरित्र इन्द्रमायामा जेष्ठता र पाठात्मक शक्ति सबैभन्दा बढी रहेको पाइन्छ। 'नरेन्द्र दाइ' उपन्यासमा निश्चित ठाउँ तथा समय विन्दुबाट समाख्याता सानोबाबुलाई सङ्केन्द्रक बनाई उसैका संज्ञानभित्रबाट आख्यानका सारा सूचनाहरू प्रवाहित गरिएको छ। कोइरालालाई आत्मीय ठान्नेहरूले 'सान्दाइ' भनी सम्बोधन गरेका तथा घरपरिवारमा 'सानोबाबु' भनी सम्बोधन गर्ने गरेका आधारमा उपन्यासमा वर्णित चरित्र सानोबाबु वि.पी. नै हुने प्रवल सम्भावना देखिन्छ। आख्यानका सूचनालाई एउटा निश्चित चरित्र विशेषमाथि सङ्केन्द्रण गरेर सङ्केन्द्रक चरित्रको पाठात्मक शक्ति र जेष्ठतासमेत बढी बनाएर सूचनाहरू सार्ने प्रविधिका रूपमा कोइरालाका आख्यानहरूमा सङ्केन्द्रीकरणको सुन्दर एवं कलात्मक प्रयोग भएको पाइन्छ।*

***शब्दकुञ्जी*** *: अन्तरिक्ष, आख्यानशास्त्र, कथाबीज, सङ्केन्द्रीकरण, सङ्केन्द्रक, सन्निवेशन*

## परिचय

नेपाली राजनीति र साहित्यका महिमामण्डित प्रतिभा विश्वेश्वरप्रसाद कोइराला (वि.सं. १९७२-२०३९) आख्यानको क्षेत्रमा आफ्नो विशिष्ट पहिचान दिन सफल अद्वितीय आख्यानकार हुन् । उनका ‘दोषी चस्मा’ (२००६), ‘ श्वेत भैरवी’ (२०३९) जस्ता कथा सङ्ग्रह, ‘तीन घुम्ती’ (२०२५), ‘नरेन्द्र दाइ’ (२०२६), ‘सुम्निमा’ (२०२७), ‘ मोदि आइन’ (२०३६), ‘हिटलर र यहुदी’ (२०४०); ‘बाबु, आमा र छोरा’ (२०४५) जस्ता उपन्यास, ‘आफ्नो कथा’ (२०४०), ‘जेल जर्नल’ (२०५४), ‘आत्म वृत्तान्त’ (२०५५) जस्ता संस्मरण प्रकाशित छन् । नेपाली साहित्यमा मनोवैज्ञानिक आख्यान लेखनका आरम्भ कर्ता र उत्कर्ष कोइराला नेपाली समाज, परम्परा र संस्कृतिका सापेक्षतामा साहित्यका मूलभूत मान्यतालाई आत्मसात् गरी कलात्मक अभिव्यक्ति दिन सफल लब्धप्रतिष्ठ स्रष्टा हुन् । फ्रायडेली सिद्धान्त, पाश्चात्य मनोवैज्ञानिक सिद्धान्त र साहित्यको विश्वव्यापी प्रभावबाट अनुप्रेरित उनका आख्यानहरू आख्यानको विश्लेषण गर्ने सार्वभौम सिद्धान्तका आधारबाट हेर्दा उच्च कोटिका देखिन्छन् । अतः यहाँ सङ्केन्द्रीकरणका दृष्टिले कोइरालाका उपन्यास कस्ता छन् भन्ने प्राज्ञिक जिज्ञासालाई स्रष्टाका ‘तीन घुम्ती’ र ‘नरेन्द्र दाइ’ उपन्यासलाई नमुनाका रूपमा छनौट गरी यस शोधकार्यमा केलाउने प्रयास भएको छ ।

### समस्याकथन

आख्यानशास्त्रको नवीन कोटि सङ्केन्द्रीकरण के हो र यसबाट आख्यानहरूलाई कसरी विश्लेषण गर्न सकिन्छ भन्ने प्राज्ञिक जिज्ञासाको प्रामाणिक समाधान प्रस्तुत शोधकार्यको मुख्य समस्या रहेको छ ।

### उद्देश्य

कोइरालाका प्रतिनिधि आख्यान ‘तीन घुम्ती’ र ‘नरेन्द्र दाइ’ उपन्यासलाई सङ्केन्द्रीकरणका दृष्टिले विश्लेषण गर्नु र यसैका आधारमा विभिन्न आख्यानहरूलाई अध्ययन विश्लेषण गर्ने सामर्थ्य विकास गराउनु प्रस्तुत शोधको उद्‌देश्य रहेको छ ।

### अध्ययन विधि

प्रस्तुत शोध कार्यका लागि सामग्री सङ्कलन कार्यमा आवश्यक सैद्धान्तिक ज्ञान प्राप्त गर्न मुख्यतः पुस्तकालयीय विधिको अनुसरण गरिएको छ । यसका लागि कोइरालाका आख्यानका सम्बन्धमा भएका पूर्ववर्ती अध्ययन, स्रष्टाका रचना, आख्यानशास्त्रको मुख्य कोटि सङ्केन्द्रीकरणका क्षेत्रमा भएका अध्ययन तथा समालोचनालाई मुख्य आधार सामग्री बनाइएको छ । गुणात्मक अनुसन्धान भएकाले यसको सैद्धान्तिक ढाँचा मुख्यतः आख्यानशास्त्रीय समालोचना पद्धतिमा आधारित छ । यस अध्ययनमा वर्णनात्मक, व्याख्यात्मक तथा विश्लेषणात्मक शोधविधिको उपयोग गरिएको छ ।

### सङ्केन्द्रीकरण

सङ्केन्द्रीकरण फ्रान्सेली भाषामा प्रचलित अपारिभाषिक शब्द हो र यसलाई जेनेटले नयाँ अर्थ दिएर पारिभाषिक अर्थ भर्ने काम गरेका हुन् । यो शब्द आफैँमा प्राविधिक छ । यो शब्द फोटोग्राफिक र सिनेमाबाट लिइएको छ । यसैले यसले प्राविधिक स्वरूपलाई प्रस्तुत गर्छ । यसलाई भाषाका रूपमा नदेखाई दृश्यका रूपमा पनि बुझ्न सकिन्छ ।

सङ्केन्द्रीकरण कुनै एक व्यक्ति वा चरित्रले कुनै सूचनालाई कसरी चाल पाउँछ भन्ने कुरासँग सम्बन्धित देखिन्छ (जान, इ. २००५ : १७३) । यसबाट कसले बोल्छ र कसले देख्छ जस्ता दुई पक्षहरू स्पष्ट देखिन्छन् । लेखक सर्वज्ञ हुने आख्यानको पाराबाट माथि उठी कुनै चरित्रको आँखाबाट कथावस्तुको ग्रहण गर्ने प्रविधि यसअन्तर्गत पर्दछ । चरित्रले कुनै वस्तुलाई कसरी कल्पना गर्छ, कसरी चिन्दछ, कुनै एक चरित्र विशेषको दृष्टिकोण कस्तो छ, उसले सूचनालाई कसरी जान्दछ, कुन दृष्टिविन्दुबाट सूचना प्रवाह गरिन्छ, त्यही व्यक्ति विशेषको संज्ञानमा सीमित राख्ने प्रविधिको नाम सङ्केन्द्रीकरण हो । यो चरित्र विशेषले वस्तुलाई अभिमुखीकरण गरेको आधारमा जस्तो बुझ्दछ, त्यस आधारमा प्रस्तुत गर्ने प्रविधिको नाम हो । यो दृष्टिविन्दुको विस्तारित नयाँ अवधारणा भएकाले यो पनि यसैभित्र समावेश भएको पाइन्छ । अतः सङ्केद्रीकरणको सिद्धान्तभित्र आख्यानले दिने सूचनालाई सञ्चालन गर्ने, छनोट गर्ने, प्रवाहित गर्ने अनेक उपाय तथा साधनहरू समाहित हुन्छन् । खास गरेर चरित्र विशेषको दृष्टिबाट कुनै घटनाहरूलाई हेर्ने काम सङ्केन्द्रीकरण हो । यो आख्यानको नयाँ अवधारणा हो । यसले आख्यानात्मक पाठको विषयवस्तु निर्माण गर्छ । सङ्केन्द्रीकरणका सम्बन्धमा रिमोन केनन (इ. १९८३ : ७२) भन्दछन्–

> वास्तवमा धेरै आख्यानहरूमा अभिमुखीकरण र सङ्कथनको आधिकारिकता एकल व्यक्ति स्रोतका रूपमा रहेको हुन्छ तर सङ्केन्द्रीकरणमा बोल्ने, सोच्ने र देख्ने उही चरित्र हुनु आवश्यक छैन । यस्तो अवस्थामा समाख्याताले के भन्ने गर्छ, त्यही तथ्य वा कुरा अर्कोले देख्न पनि सक्छ वा अरूद्वारा देखिन पनि सक्छ ।

उपर्युक्त भनाइबाट सङ्केन्द्रीकरणमा देख्ने र बोल्ने चरित्र एउटै नभएर फरक फरक हुन सक्छ, जुन कुरा परिप्रेक्ष्य र दृष्टिविन्दुबाट पुरै खुल्न सक्दैन भन्ने स्पष्ट भएको देखिन्छ । आख्यानमा अभिमुखीकरण पनि उपयोगी र विस्तृत हुन्छ । तर सङ्केन्द्रीकरणभन्दा यो कम दृश्यात्मक हुन्छ । यसले सामान्य रूपमा अन्तरिक्ष र समयवाचक तथ्यहरूका अतिरिक्त संज्ञानात्मक, संवेगात्मक र विचारात्मक परिप्रेक्ष्यहरूलाई केलाउन सहयोग पुऱ्याउँछ । यता दृष्टिविन्दुले घटनालाई प्रस्तुत गर्ने व्यक्ति को हो र कथा हेर्ने व्यक्ति को हो भन्ने कुरालाई देखाउन सक्दैन । सङ्केन्द्रीकरणमा सङ्केन्द्रित वस्तुको पनि विशेष भूमिका रहन्छ । सङ्केन्द्रित वस्तु सङ्केन्द्रक (focalizer) को हेराइबाट प्रभावित हुन्छ । सङ्केन्द्रित वस्तु र सङ्केन्द्रकबिचको सम्बन्ध प्रायः स्थिर हुन्छ । सङ्केन्द्रकको हेराइबाट सङ्केन्द्रित वस्तुको मूल्य निर्धारण हुन्छ । यति मात्र नभई सङ्केन्द्रकको हेराइबाट प्रभावित वस्तुले सङ्केन्द्रकका बारेमा पनि धेरै कुरा निर्धारण गरी दिन्छ । सङ्केन्द्रीकरण प्रस्तुत भएको वस्तु र त्यसलाई हेर्ने दृष्टिकोणबिचको सम्बन्धको अध्ययन हो । वस्तुलाई हेर्ने दृष्टिकोण शारीरिक र मानसिक प्रक्रिया हो । अतः यसलाई दृष्टिविन्दु का विविध तहमध्ये मनोवैज्ञानिक तहका रूपमा अर्थ्याउने गरिएको देखिन्छ (फाउलर, इ. १९९६ : १६२) । यसले त्यो कोणलाई जनाउँछ, जसबाट कुनै वस्तुलाई देखिन्छ । यसमा देखिने कार्यलाई दृश्यात्मक परिप्रेक्ष्यमा मात्र हेर्दा सङ्केन्द्रीकरणलाई प्रस्तोता, ग्रहण कर्ता र प्रस्तुत भएको घटनाबिचको सम्बन्ध तथा अध्ययनका रूपमा अर्थ्याइएको पाइन्छ । जेनेट पूर्वका पूर्वाचार्यहरूको सङ्केन्द्रीकरणसँग सम्बन्धित सिद्धान्तलाई जेनेटले पुनर्नियमन गरेका हुन् (पुडासैनी, २०६९ : ७०) । उनले सङ्केन्द्रीकरणमा तीन खालका सुधार गरे– पहिलो आख्यानभित्र द्रष्टा को हो ? वक्ता को हो (वक्ता समाख्याता हो कि चरित्र नै बोल्दै छ, बोल्ने व्यक्तिले आख्यानभित्रबाट बोलेको हो अथवा बाहिरबाट बोलेको हो) भन्ने विषयसँग सम्बन्ध राख्दछ भने दोस्रो माथि वर्णित आद्य आख्यानशास्त्रीको वर्णनलाई सम्मिश्रण र समायोजन गरेर उनले सङ्केन्द्रीकरणको परिभाषा गरेका छन् । तेस्रो सङ्केन्द्रीकरणको पनि प्रकारपरक विश्लेषण गरी यसलाई शून्य सङ्केन्द्रीकरण, आन्तरिक सङ्केन्द्रीकरण र बाह्य सङ्केन्द्रीकरण भनी तीन भागमा विश्लेषण गरेका छन् । सङ्केन्द्रीकरणका प्रकारपरक भेद निर्माण गर्ने प्रेरणा जेनेटले तोदोरोवबाट ग्रहण गरेका हुन् । तोदोरोवले आख्यानभित्र प्रवाहित भएको सूचना कहाँबाट आयो,

त्यो देख्ने को हो, सूचना भन्ने को हो जस्ता विषयमा आख्यानसम्बन्धी ज्ञानको सूचना प्रवाहित गरेका हुनाले उनले यसैलाई आधार बनाई सङ्केन्द्रीकरणको प्रकार प्रस्तुत गरेका हुन् ।

**सङ्केन्द्रीकरणको अवधारणा र वर्गीकरण**

जेनेटले सङ्केन्द्रीकरणको सिद्धान्तमा यसका किसिम र प्रविधिको परिचय दिएका छन् । आख्यानले दिने सूचना कसरी सीमित गर्ने भन्ने आधारमा उनले सङ्केन्द्रीकरणलाई ए, बी र सी नाम दिएर यसका तीन प्रकारहरू औँल्याएका छन् । यी तीन प्रकारलाई उनले क्रमशः शून्य सङ्केन्द्रीकरण, आन्तरिक सङ्केन्द्रीकरण र बाह्य सङ्केन्द्रीकरणका रूपमा नामकरण गरेका हुन् । आधारभूत रूपमा उनले सङ्केन्द्रीकरणलाई पाठगत र व्यापक गरी दुई आधारमा विश्लेषण गरेका छन् । पाठगत सङ्केन्द्रीकरणलाई विशिष्ट र व्यापक सङ्केन्द्रीकरणलाई सामान्य सङ्केन्द्रीकरणको नाम पनि दिन सकिन्छ (जेनेट, इ. १९८० : १८९-१९४) । पाठगत तथा विशिष्ट सङ्केन्द्रीकरण खास पाठ वा ग्रन्थमा आधारित चरित्रले देखेका आधारमा आख्यानलाई हेर्ने खालको सङ्केन्द्रीकरण हो । व्यापक वा सामान्य सङ्केन्द्रीकरणबाट विश्वभरिका आख्यानमा सङ्केन्द्रीकरण कस्तो छ भनेर हेरिन्छ । अतः यहाँ जेनेटका अनुसार सङ्केन्द्रीकरणका प्रकारमाथि चर्चा गरिएको छ ।

**शून्य सङ्केन्द्रीकरण**

समाख्याताले समाख्यान गर्दा सूचनालाई सीमित नगरी असीमित ढङ्गले छोड्यो भने त्यसलाई असङ्केन्द्रीकरण अथवा शून्य सङ्केन्द्रीकरण भनिन्छ । असीमित ढङ्गले दृष्टिविन्दुबाट सूचनालाई प्रवाहित गरिएमा त्यहाँ शून्य सङ्केन्द्रीकरण हुन्छ । चरित्र विशेषको दृष्टिमा सूचनालाई सीमित नपारी समाख्याता सर्वज्ञ भयो भने त्यस्तो सङ्केन्द्रीकरण यसभित्र देखिन्छ । खास भन्ने हो भने सङ्केन्द्रीकरण नै नभएको अवस्था असङ्केन्द्रित वा शून्य सङ्केन्द्रित रूप हो । अतः यसलाई शून्य सङ्केन्द्रीकरण भनिएको पाइन्छ । यस्तो सङ्केन्द्रीकरणमा चरित्रहरूलाई भन्दा समाख्यातालाई बढी जानकारी हुन्छ (सिम्पसन, इ. १९९३ : ३३) । यसमा समाख्याता सर्वज्ञ देखिन्छ । सर्वज्ञ दृष्टिविन्दुका आधारमा परम्परागत रूपले लेखिएका थोरै आख्यानहरूमा वर्णित सङ्केन्द्रीकरणलाई आधुनिक आख्यानशास्त्रीहरूले शून्य सङ्केन्द्रीकरण भन्ने गरेका छन । यसमा अवलोकन गरिएका र प्रस्तुत भएका घटना, अवस्था र चरित्रहरूका कुनै परिप्रेक्ष्यमा प्रस्ट पहिचान गर्न असम्भव हुन्छ ।

**आन्तरिक सङ्केन्द्रीकरण**

आख्यानभित्रको एउटा चरित्र विशेषको दृष्टिविन्दुलाई सीमित पारी उसकै संज्ञानका आधारमा आख्यानका सूचनाहरू प्रवाहित भएमा त्यसलाई आन्तरिक सङ्केन्द्रीकरण भनिन्छ । यो आख्यानमा वर्णित चरित्रको दृष्टिविन्दुका आधारमा, उसले चाल पाएका संज्ञानका आधारमा चरित्र विशेषका आँखाबाट सूचनालाई सम्प्रेषण गर्ने सङ्केन्द्रीकरण हो । यसमा घटनाको परिवेशभित्र विशेष गरेर एउटा चरित्र सङ्केन्द्रक हुनु अति उत्तम मानिन्छ । यसमा कथाभित्रको चरित्र नै सङ्केन्द्रक हुन्छ र यसको हेराइ सीमित एवम् पूर्वाग्रही हुन सक्छ । यो चरित्रका आन्तरिक एकालाप भएको आख्यानमा पाइन्छ (जेनेट, इ. १९८० : १९३) । यद्यपि यसमा केही अवैयक्तिक अवस्था वा अवस्थितिको प्रस्तुति पनि हुन सक्छ (टुलान, इ. १९८८ : ६८) । यसमा आख्यान चरित्रकै चेतनाद्वारा केन्द्रित गराइएको हुन्छ । यो घटनाको शृङ्खलाबद्ध व्याख्यानमा आधारित हुन्छ (पौड्याल, २०६५ : १२७) । एउटा पूर्ण पाठमा आन्तरिक सङ्केन्द्रीकरणका पनि विभिन्न रूप देख्न सकिन्छ । खास गरी यसलाई पनि निश्चित सङ्केन्द्रीकरण, गतिशील सङ्केन्द्रीकरण र बहुल

सङ्केन्द्रीकरण गरी तीन भागमा वर्गीकरण गरिएको पाइन्छ। एउटा निश्चित चरित्र विशेषका आधारमा सूचनाहरू प्रवाहित गरियो भने त्यसलाई निश्चित सङ्केन्द्रीकरण भनिएको पाइन्छ। यस्तो सङ्केन्द्रीकरणमा एउटा मात्र चरित्र सङ्केन्द्रक देखा पर्दछ। एउटा मूल कथाभित्रका बेग्लाबेग्लै घटनालाई बेग्लाबेग्लै चरित्र विशेषका आँखाबाट वर्णन गरियो भने त्यसलाई गतिशील सङ्केन्द्रीकरण भनिन्छ। यसमा एउटा आख्यानभित्र अनेक चरित्र र अनेक घटनाहरू रहेका हुन्छन्। यस्तो सङ्केन्द्रीकरणमा आख्यानभित्र जति चरित्र छन्, बेग्लाबेग्लै चरित्रले देखे जस्तो गरी ('म' चरित्र, लेखक चरित्र.....) सीमित दृष्टिविन्दु प्रयोग गरेर सूचना प्रवाहित गराउने प्रविधिलाई आत्मसात् गरिएको हुन्छ। यसरी चरित्रहरूमा दृष्टिविन्दु सीमित हुने खालको सङ्केन्द्रीकरणलाई यस्तो सङ्केन्द्रीकरण मानिन्छ। बहुल सङ्केन्द्रीकरणलाई मिश्रित सङ्केन्द्रीकरण पनि भनिन्छ। कथाबीजको एउटै घटनालाई बेग्लाबेग्लै चरित्रका माध्यमबाट प्रस्तुत गरिएमा त्यसलाई बहुल सङ्केन्द्रीकरण भनिएको पाइन्छ। यस्तो सङ्केन्द्रीकरणमा घटना एउटै हुन्छ र त्यसलाई बेग्लाबेग्लै चरित्रहरूले कसरी देख्छन् भन्ने कुरालाई ख्याल गरिएको हुन्छ।

**बाह्य सङ्केन्द्रीकरण**

सिनेमामा देखे जस्तै गरी चरित्रले आफ्नो नेटोबाहिर नदेखी नेटोभित्र बेग्लाबेग्लै परिस्थिति र सूचनालाई निश्चित दृष्टिविन्दुबाट हेर्दछ भने त्यस्तो सङ्केन्द्रीकरणलाई बाह्य सङ्केन्द्रीकरण भनिन्छ। यसमा कथाबाहिरबाट अभिमुखीकरण भएको हुन्छ (टुलान, इ. १९८८ : ६९)। यसको अर्थ यसमा कुनै पाठ वा कथाभित्रबाट चरित्रको अभिमुखीकरण भएको हुँदैन। यस्तो अवस्थामा कुनै घटनामा समाख्याता सङ्केन्द्रकका रूपमा रहन्छ। यसमा एउटा अवलोकन कर्ताले कथाबाहिरबाट नै अवलोकन गरेको हुन्छ। यस्तो सङ्केन्द्रीकरणमा एउटा चरित्रका विचार, अनुभव एवम् संवेग सम्मिलित गरिएको हुँदैन। अभिमुखीकरण चरित्रबाट नभई कथाबाहिरबाट हुने र यो चरित्रको इच्छामा आधारित नहुने खालको हुन्छ (पौड्याल, २०६५ : १२७)। यसमा कथाभन्दा बाहिरबाट दिशा निर्धारण हुन्छ र यो पाठभित्रका चरित्रहरूसँग सम्बन्धित हुँदैन।

उपर्युक्त तीन किसिमका सङ्केन्द्रीकरणमध्ये आन्तरिक सङ्केन्द्रीकरण नै बढी महŒवपूर्ण देखिन्छ। आन्तरिक सङ्केन्द्रीकरणभित्र पनि बि प्रकारका आन्तरिक सङ्केन्द्रीकरण प्रायः बिसौँ शताब्दीका आधुनिकतावादी आख्यानहरूमा देख्न पाइन्छ। आख्यानमा सङ्केन्द्रक चरित्र एउटा मात्र नभएर अनेक किसिमका हुन सक्छन् र यसलाई हेनरी जेम्सले चेतनाका केन्द्र भन्ने नाम दिएका छन् भने बुक्स र वारेनले अपवर्तक, च्याटमनले फिल्टर र बलले आन्तरिक सङ्केन्द्रक नाम दिएका छन् (जान, इ. २००५ : १७४)। सङ्केन्द्रीकरणको उत्तर जेनेटियन सिद्धान्तमा धेरैजसो बलको सिद्धान्त अगाडि आउँछ। यसको स्वरूपको सम्बन्धमा बल (इ. १९८५ : १०४) भन्दछिन्–

> कुनै पनि आख्यानमा वर्णित सङ्केन्द्रीकरणको कर्ता (सङ्केन्द्रक) त्यो विन्दु हो, जुन कुनै अवस्थामा रहेका घटनाका तत्वहरूसित सँगै रहन्छन् अथवा सङ्केन्द्रक बाहिर पनि रहन सक्छ। सङ्केन्द्रक अन्य चरित्रहरूसँगै रह्यो भने उनीहरूका तुलनामा यसले प्राविधिक फाइदा लिएको हुन्छ। सिद्धान्ततः प्रस्तुत गरिएका दृश्यलाई पाठकले चरित्रका दृष्टिबाट स्वीकारेको हुन्छ वा त्यस दृष्टिप्रति झुकाव राख्दछ।

जेनेटको सिद्धान्तमा आलोचना गर्दै बलले पाँच ओटा संशोधन प्रस्तुत गरिन्। पहिलो जेनेटले आफ्नो सिद्धान्तमा सङ्केन्द्रीकरणलाई ए, बी र सी भनी तीन प्रकारमा वर्गीकरण गरेकामा यो वर्गीकरण अनुपयुक्त भएको विचार प्रस्तुत

गरिन् । किनकि सङ्केन्द्रीकरण ऐच्छिक कुरा नभई सबै आख्यानमा अनिवार्य हुन्छ । उनका अनुसार जेनेटको बाह्य सङ्केन्द्रीकरण (क्यामराका आधारमा देखे जस्तो) भन्ने प्रकार अस्पष्ट छ, किनभने त्यहाँ कसले देख्छ, के देखिन्छ र कसरी देखिन्छ भन्ने कुरा खुलस्त छैन (पुडासैनी, २०६९ : २०७२) । अतः जेनेटको बाह्य सङ्केन्द्रीकरण काम लाग्दैन । यता शून्य सङ्केन्द्रीकरणमा सङ्केन्द्रीकरण नै छैन । असीमित दृष्टिविन्दुबाट वर्णन गरेर सूचना सीमित नहुने भएकाले शून्य सङ्केन्द्रीकरणलाई सङ्केन्द्रीकरण मान्न सकिन्न । दोस्रो बलले बाह्य सङ्केन्द्रीकरणको नयाँ परिभाषा दिइन् । उनले समाख्याताको दृष्टिविन्दुबाट कुनै आख्यानलाई हेर्नु समाख्याता सङ्केन्द्रक हो भन्ने विचार राखिन् । कथाबाहिरको समाख्याताको दृष्टिविन्दुबाट कथा लेखियो भने त्यसलाई बाह्य सङ्केन्द्रक मान्नु पर्ने विचार उनले प्रस्तुत गरिन् । तेस्रो जेनेटले सङ्केन्द्रक चरित्र भनेर प्रयोग गरेको ठाउँमा उनले आन्तरिक सङ्केन्द्रक भन्ने नाम राखिन् । चौथो बलले गोचर ) र अगोचर भनेर दुई किसिमका शब्द प्रयोग गरिन् । सङ्केन्द्रित चरित्रले देखेको चिज गोचर सङ्केन्द्रित वस्तु र नदेखिएको चिज अगोचर सङ्केन्द्रित वस्तु हो । वास्तविक जगत्को दृश्य वस्तु गोचर हो भने दिमागमा भएको कल्पना अगोचर अथवा अज्ञात हो । पाँचौं बलले आख्यानभित्र सङ्केन्द्रक व्यक्ति एउटै दर्जाको हुँदैन र त्यहाँभित्र पनि जेष्ठता हुन्छ भन्ने विचार प्रकट गरेकी छिन् । आख्यानभित्र समाख्याता र विभिन्न चरित्रहरू सङ्केन्द्रक हुने स्थिति देखिन्छ । सङ्केन्द्रकले पाठभित्र कति ठुलो भूमिका ओगटेको छ, त्यसका आधारमा पाठात्मक शक्ति र भूमिका फरक फरक हुन्छ । आख्यानमा समाख्याता र चरित्र विशेषले देखेको कुरा एउटै दर्जाको हुँदैन । पाठभित्र को कति व्यापक छ भन्ने कुरा सङ्केन्द्रीकरणमा हेरिन्छ । पाठभित्र समाख्याता व्यापक र चरित्र सीमित हुन सक्छ । चरित्रभित्र पनि धेरै चाल पाउने र थोरै चाल पाउने गरी भूमिका फरक फरक हुन सक्छ । अतः पाठभित्र सङ्केन्द्रकको जेष्ठता र भूमिका भिन्न भिन्न देखिन्छ । यसरी बलले अरूको दिमागले कुनै कुरालाई कसरी चाल पाउँछ भन्ने विषयमा आफ्नो ध्यान केन्द्रित गरिन् । अरूको दिमागबाट कुनै कुरा चाल पाउने अथवा अरू व्यक्तिको संज्ञानमा कति जेष्ठता हुन्छ र त्यसलाई आख्यानमा कसरी प्रस्तुत गर्ने भन्ने कुरामा सोपान क्रम वा श्रेणी हुन्छ । अतः अर्काको दिमागबाट कुनै कुरा चाल पाउने प्रविधि के हो भन्ने कुरामा बलले आफ्नो ध्यान केन्द्रित गरिन् । आख्यानमा कुन चरित्र विशेषको दृष्टिविन्दु प्रयोग गर्ने भन्ने कुरा एउटा प्रविधि हो भने दोस्रो पाठभित्रका सूचनाहरूलाई समाख्याताले आफ्नो असीमित रूपबाट भन्न सक्ने अधिकारलाई कुनै एउटा चरित्र विशेषले चाल पाएका आधारमा सीमित गर्ने प्रविधि हो । बलले सङ्केन्द्रीकरणलाई शृङ्खलाबद्ध अथवा सन्निवेशन गर्ने प्रविधिको पनि चर्चा गरेकी छिन् । आख्यानको एउटा संज्ञानभित्र अर्को सूचना राख्ने काम नै सन्निवेशन हो । यो पनि आख्यानभित्र सङ्केन्द्रीकरणलाई हेर्ने प्रविधि हो । सन्निवेशनमा पनि चरित्र विशेष सङ्केन्द्रक भएर सम्झँदै छ अथवा समाख्याता सङ्केन्द्रकले के देखेको छ, आन्तरिक सङ्केन्द्रले के सम्झेको छ भन्ने कुराहरूलाई हेरेर सन्निवेशनको शृङ्खला बनाउन सकिन्छ ।

यसका अतिरिक्त वास्तविक झ्याल, सिनेमा र कम्प्युटरको पर्दालाई बुझाउने झ्याल जस्ता आलङ्कारिक स्वरूपलाई लिएर र्‍यान (इ. १९८७ : ५९) ले सङ्केन्द्रीकरणका उपवर्गहरू हुने र यी स्वरूपलाई अनेक आख्यानमा प्रयोग गर्न सकिने विचार प्रकट गरेका छन् । निल्स (इ. १९९७, अध्याय ३) ले बेग्लाबेग्लै ज्ञानका आधारमा चाल पाउने पाँच किसिमका रीत हुने विचार व्यक्त गरे– दृष्टि, श्रवण, स्वाद, घ्राण, र स्पर्श। यसरी जेनेटले ‘कसले चाल पाएको’ भन्ने अभिव्यक्तिलाई निल्सले अझ व्यापक बनाउने काम गरे । जेनेटले सङ्केन्द्रक चरित्रलाई चिनाउन चाल पाउने दृष्टि मात्र प्रस्तुत गरेका थिए तर बेग्लाबेग्लै ज्ञानका आधारमा निल्सले चाल पाउने रीतलाई व्यापक रूपमा प्रस्तुत गरेका छन् ।

जान (इ. १९९६ : २४१-२६७) ले सङ्केन्द्रीकरणलाई आख्यान जगत्को काल्पनिक झ्याल खोल्नु जस्तै हो भन्ने विचार व्यक्त गरेका छन् । आख्यानमा विद्यमान सङ्केन्द्रक कथाभित्र र कथाबाहिर हुन सक्छ । कथाभित्र सङ्केन्द्रक भएमा त्यो चरित्र हुन्छ भने कथाबाहिरको सङ्केन्द्रक भएमा समाख्याता वा लेखक हुन्छ । जानले कथाभित्रको सङ्केन्द्रक र कथाबाहिरको सङ्केन्द्रकका माध्यमबाट पाठकले आख्यानमा वर्णित सूचना ग्रहण गर्छ भन्ने विचार व्यक्त गरेका छन् । यो आख्यानलाई प्रस्तुत गर्ने एउटा प्रविधि हो । सङ्केन्द्रीकरणको सम्पूर्ण चित्र अथवा सङ्केन्द्रित आख्यानभित्र समाख्याता पनि सहभागी हुन्छ । उसले काल्पनिक रूपमा जुन कुरा पहिल्याउँछ, त्यही कुरा पाठकहरूलाई आख्यानात्मक दृष्टिविन्दुमा सारी दिन्छ । समाख्याताले गरेको वर्णनका आधारमा पाठक चुर्लम्म डुब्छ अथवा मग्नताको अवस्थामा पुग्छ (पुडासैनी, २०७९ : ७३) । अतः सङ्केन्द्रीकरण भनेको आख्यान जगत्मा झ्याल दिने, झ्याल बनाउने, त्यसलाई व्यवस्थित गर्ने, चलाउने, पाठकलाई पथ प्रदर्शन गर्ने, उनीहरूको दिमागमा सूचनाहरू सार्ने एवम् पाठकहरूको कल्पनामा चित्र सम्प्रेषण गर्ने एक किसिमको प्रविधि हो ।
सङ्केन्द्रीकरण आधारभूत रूपमा स्रष्टालाई आख्यान सुरु गराउने आरम्भक हो । यो यस्तो प्रविधि हो, जसले लेखकलाई कथावस्तु सुरु गराउन, समाख्यातालाई कथा अघि बढाउन तथा पाठकलाई रचनाप्रति आकर्षित गराउने काम गर्छ । यो कथावाचन र कथाबोधका लागि आधारभूत प्रक्रिया हो । जान (इ. १९९९ : ८५-११०) ले सङ्केन्द्रीकरणलाई एउटा स्केलमा राखी वर्गीकरण गरेका छन् । पहिलो खालको सङ्केन्द्रीकरणलाई उनले सुनिश्चित वा सक्कली सङ्केन्द्रीकरण भन्ने नाम दिएका छन् । निश्चित ठाउँ एवम् समय विन्दुबाट सारा सूचना देखियो भने त्यसलाई सुनिश्चित सङ्केन्द्रीकरण भनिन्छ । दोस्रो खालको सङ्केन्द्रीकरणलाई सचल सङ्केन्द्रीकरण भनिएको पाइन्छ । आख्यानमा वर्णित घटना र चरित्रहरूलाई एउटा कोणबाट मात्र नदेखिई अनेक कोणबाट देखियो भने त्यसलाई बहुल सङ्केन्द्रीकरण भनिन्छ । कुनै सीमित दृष्टिविन्दुबाट चरित्र विशेष हिँडिरहेको छ अथवा सङ्केन्द्रक व्यक्तिसँगै सङ्केन्द्रित व्यक्ति हिँडि रहेको छ भने पनि यस्तो दृष्टिविन्दुको प्रयोग भएको हुन्छ । यस्तो अवस्थामा कथाका घटना र चरित्र अनेक कोणबाट देखिन्छन् । घटना एउटै दर्शक अनेक, घटना अनेक र दर्शक अनेक, चरित्र एउटै, वस्तु पनि एउटै देखियो भने पनि त्यहाँ यस्तो खालको सङ्केन्द्रीकरण भएको पाइन्छ । तेस्रो खालको सङ्केन्द्रीकरणलाई शिथिल सङ्केन्द्रीकरण भनिएको पाइन्छ । यो निश्चित दृष्टि विन्दु नभएको र असीमित दृष्टिविन्दु भएको सङ्केन्द्रीकरण हो । यो शून्य सङ्केन्द्रीकरणभन्दा अलि केही कमजोर खालको सङ्केन्द्रीकरण हो । हेर्ने दृष्टिविन्दु निश्चित नभएमा यस्तो सङ्केन्द्रीकरण प्रयोग भएको पाइन्छ । चौथो खालको सङ्केन्द्रीकरणलाई शून्य सङ्केन्द्रीकरण भनिएको देखिन्छ । पूर्ण रूपमा असीमित दृष्टिविन्दु प्रयोग भएमा त्यसलाई शून्य सङ्केन्द्रीकरण भनिन्छ । यसै साथ हर्मन (इ. २००२ : अध्याय ८) ले सङ्केन्द्रीकरणको काल्पनिक आधार राखी काल्पनिक सङ्केन्द्रकको चर्चा गरेका छन् ।

निडरहफ (इ. २००१ : १-२१) ले जेनेटकै सङ्केन्द्रीकरणको सिद्धान्तलाई आधार बनाई नयाँ कुरा थपे । उनले सङ्केन्द्रीकरण र परिप्रेक्ष्यलाई क्यामराबाट हेर्दा फरक देखिने भएकाले एउटै अर्थ मान्नु हुँदैन भन्ने विचार राखेका छन् । एउटा वस्तुलाई एउटै ठाउँबाट क्यामरा प्रयोग गरी हेर्दा सङ्केन्द्रक बेग्लाबेग्लै भएको हुन सक्छ । एउटै परिप्रेक्ष्य भए पनि फरक फरक ठाउँमा एउटै सङ्केन्द्रीकरण हुन सक्छ । एउटै घटना तथा विषयलाई फरक फरक परिप्रेक्ष्यबाट हेरे पनि चिज फरक फरक भएर आउँछ । सङ्केन्द्रीकरणभित्र परिप्रेक्ष्य अटाउँछ भन्ने परम्परागत रूपमा चलिआएको कुरालाई नमानी आख्यानशास्त्रीहरूले यसलाई फरक फरक रूपमा हेर्नु पर्छ भन्ने विचार राखेका छन् । क्यामरा म्यानले बेग्लाबेग्लै ढङ्गमा एक ठाउँको फोटो खिच्दा फोटो फरक आउँछ । यहाँ क्यामरा म्यानको दृष्टिविन्दु

अथवा परिप्रेक्ष्य एउटै भयो तर उनीहरूको केन्द्र के हो भन्ने कुराले चित्र फरक आउँछ । अतः सङ्केन्द्रीकरणभित्र लगेर परिप्रेक्ष्यलाई गुटमुट्याउनु हुँदैन । आख्यान शास्त्रमा यसको विश्लेषण गर्दा यी फरक फरक काम लाग्ने अलग अलग कोटि भनी हेर्नु पर्ने हुन्छ ।

**सङ्केन्द्रीकरणको क्षेत्रमा बहस**

सङ्केन्द्रीकरणका अनेक सिद्धान्तहरू मध्ये सबै ठिक छन् अथवा कुनै दृष्टि कोण ठिक छ भन्ने सम्बन्धमा बलको मोडल धेरै उपयोगी देखिन्छ । जेनेटले बाह्य सङ्केन्द्रीकरण भनेर प्रयोग गरेका विषयलाई बलले समाख्याता सङ्केन्द्रीकरण भनेकी छिन् । बलको विचार सङ्केन्द्रीकरणका सम्बन्धमा जेनेटको भन्दा प्रस्ट छ । जेनेटको विश्लेषणमा नभएको कुरा बलमा देखिन्छ । जेनेटमा बलको झैँ अन्तर्दृष्टि देखिँदैन । अतः बलको दृष्टिकोण स्वीकार्य छ । जेनेट आफैँले 'कसले देखेको' भन्ने कुरालाई 'कसले चाल पाएको' भनी संशोधन गरे । यता रिमोन केनन (इ. १९८३) ले सङ्केन्द्रीकरणभित्र कसले चाल पाएको भन्ने कुरालाई मात्र नपुग्ने विचार राख्दै खाली चाल पाउने प्रक्रियासँग मात्र सङ्केन्द्रीकरण सम्बन्धित नभई यो मनोवैज्ञानिक तथा विचारधाराका आधारमा पनि फरक पर्छ भन्ने धारणा राखेका छन् । आख्यानको समाख्यान गर्ने समाख्याताको ठाउँ बेग्लाबेग्लै हुन्छ । समाख्याता वक्ता मात्र नभई आख्यानभित्र चरित्रका रूपमा पनि प्रस्तुत हुन सक्छ । चरित्र र समाख्याताको मानसिक प्रक्रिया एउटै हुँदैन । आख्यानको सूचना चरित्रले मात्र चाल नपाई लेखकले पनि चाल पाएको हुन्छ । च्याटमन (इ. १९९०ः १४३) ले समाख्याताको दिमाग र विचारसँग सम्बन्धित कुरालाई बुझाउन तिर्यक् र चरित्रको मानिस प्रक्रियालाई बुझाउन फिल्ट शब्दको प्रयोग गरेका छन् । यी शब्दहरूले नयाँ पक्षमा ध्यान दिएको छ तर काल्पनिक बोधलाई विचार गर्दा यी शब्दले मात्र पुग्दैन भन्ने देखिन्छ । चरित्र र समाख्याताको फरक भन्ने कुरा सोपान, कार्य र लेखकीय प्रतिनिधित्वको फरक मात्र हो । कुनै मानसिक प्रक्रियाको फरक होइन (जान, इ. २००५ : १७६) । च्याटमन (इ. १९९०) र फेलन (इ. २००१) का दृष्टिकोणसँग सम्बन्धित सङ्केन्द्रीकरणका सबै भावनात्मक र संज्ञानात्मक पक्ष समाख्याताको आफ्नै मनोवैज्ञानिक र विचारधारात्मक दृष्टि हो भन्ने देखिन्छ । सङ्केन्द्रीकरण भनेर चरित्रमा केन्द्रित राखे पनि अथवा समाख्यातामा केन्द्रित राखे पनि त्यो समाख्याताकै विचारधाराहरूको प्रस्तुति हो । फेलनको भनाइले बलकै तर्कलाई समर्थन गर्छ, किनभने बलले सङ्केन्द्रीकरणविनाको आख्यान हुँदैन भन्ने विचार राखेकी छिन् ।

**कोइरालाका उपन्यासमा सङ्केन्द्रीकरणको प्रयोग**

भात पाक्यो कि पाकेन भनेर दुई चार ओटा सिता छामेर पुरै भाँडाको भात पाकेको निष्कर्ष निकाल्ने शोधविधिका आधारमा यहाँ कोइरालाका 'तीन घुम्ती' र 'नरेन्द्र दाइ' उपन्यासभित्र प्रयोग भएको सङ्केन्द्रीकरण प्रविधिलाई केलाउने प्रयास गरिएको छ ।

## 'तीन घुम्ती' उपन्यासको सङ्केन्द्रीकरण

**पाठगत तथ्याङ्क**

(१) इन्द्रमायाले सोची- समय कति छिट्छिटो बित्दो रहेछ । प्रेममा परेकी नारीको जीवनको झन् के कुरा (पृ. ९) ?

(२) इन्द्रमाया सोच्दछे- त्यही दिन हो उसको जीवनको पहिलो अध्याय समाप्त भई दोस्रो अध्याय उघ्रिएको (पृ. २१) ।

(३) ... केवल यति मात्रै सोच्छे ऊ आफ्नो मनमा- के कस्तो विचार उठ्ला पतिलाई, ऊ के भन्ठान्लान् शिशुलाई देखेर र सुन्दर, असुन्दर कस्तो लाग्ला उसलाई यो शिशु (पृ. ५८) ?

**तथ्याङ्क विश्लेषण**

'तीन घुम्ती' उपन्यासका उपर्युक्त उद्धरणहरूलाई केलाउँदा तथ्याङ्क '१' मा प्रेममा डुबेकी इन्द्रमायालाई दिन बिताउन सजिलो भएको विषयलाई उसैले सोचेका आधारमा व्यक्त गरिएको छ। तथ्याङ्क '२' मा लोग्ने जेल पर्नाले इन्द्रमायाको जीवनले पहिलो घुम्ती सकेर दोस्रो घुम्तीको सुरुआत भएको क्षणलाई झल्काइएको छ। तथ्याङ्क '३' मा रमेशसँग सम्पर्क गरी छोरी जन्माएकी इन्द्रमायाले पतिबाट आउने प्रतिक्रियाका विषयमा विभिन्न ढङ्गले सोचिरहेकी छे र यसलाई उसकै संज्ञानका आधारमा सूचना सीमित गरिएको छ। उपर्युक्त तथ्याङ्कलाई समग्रमा केलाउँदा यहाँ इन्द्रमायाका संज्ञानका आधारमा आख्यानसम्बन्धी सूचनालाई सीमित गरिएको छ। यसो हुँदा आख्यानमा विश्वसनीयता बढेको देखिन्छ। एउटा निश्चित चरित्र विशेषको चेतनाद्वारा सूचनाहरू सम्प्रेषण गरिएकाले जेनेटले भनेझैँ यहाँ बहुल र गतिशील सङ्केन्द्रीकरण नभई निश्चित सङ्केन्द्रीकरण भएको देखिन्छ। यहाँ इन्द्रमाया नै चरित्र सङ्केन्द्रकका रूपमा प्रस्तुत भएकी छे।

जेनेटले 'कसले चाल पाएको' भन्ने विचारलाई निल्स (ई. १९९७ : ३) ले अझ व्यापक बनाई दृष्टि, श्रवण, स्वाद, घ्राण र स्पर्श गरी चाल पाउने पाँच किसिमका रीतको चर्चा गरेका छन्। यस अनुसार सङ्केन्द्रीकरणको कस्तो प्रयोग भएको छ भन्ने कुरालाई विश्लेषण गर्न उपन्यासबाट एउटा उद्धरणलाई आधार बनाइएको छ-

इन्द्रमायाले उसको शरीरलाई हलुका हातले थिचिरही। ... इन्द्रमायालाई लाग्यो- नसुतेको रात पनि बित्दो रहेछ र कहिले उज्यालो होला र घरको काममा लाग्न पाइएला भनी निराशामा ऊ प्रभातको प्रतीक्षा गरिरहेकी थिई कि बारीमा कोलाहल भएको उसले सुनी। ... बुटको आवाजका साथै एउटा ठूलो धक्का लाग्यो उसको कोठाको ढोकामा (पृ. २१)।

उपर्युक्त  तथ्याङ्कलाई केलाउँदा पहिलो वाक्यमा स्पर्श, दोस्रोमा दृष्टि एवं श्रवण र अन्तिम वाक्यमा स्पर्श गरी सङ्केन्द्रक चरित्रले चाल पाउने विभिन्न रीतको प्रयोग भएको देखिन्छ।

आख्यानशास्त्री बलका अनुसार पूर्वोक्त 'तीन घुम्ती' उपन्यासको आन्तरिक सङ्केन्द्रीकरण शीर्षकभित्रको तथ्याङ्कलाई हेर्दा सबै उद्धरणहरूमा इन्द्रमायालाई आन्तरिक सङ्केन्द्रक बनाई उसैका संज्ञानका आधारमा सूचनाहरू सम्प्रेषण भएकाले यहाँ उसको पाठात्मक शक्ति सबैभन्दा बढी देखिन्छ। साथै सूचनाहरू चाल पाउने आधारमा हेर्दा चरित्रहरूमध्ये सबैभन्दा बढी सूचना चाल पाउने चरित्र इन्द्रमाया नै देखिएकी छे र उसको भूमिका यहाँ तुलनात्मक रूपमा बढी देखिन्छ। जे होस् यहाँ आख्यान सुरु गराउन, सूचनाको विश्वसनीयता बढाउन र पाठकलाई रचनाप्रति आकर्षित गर्न सङ्केन्द्रीकरणको कलात्मक प्रयोग भएको छ।

## 'नरेन्द्र दाइ' उपन्यासको सङ्केन्द्रीकरण

**पाठगत तथ्याङ्क**

(१) घरमा आएर धेरै बेरसम्म मलाई उसैको सम्झना भइरह्यो। सोचिरहेँ– 'उसको मनमा कति कुरा पाकिरहेका रहेछन् (पृ. ७४)।'

(२) तर मुनरियालाई बराबर सम्झिरहेँ । स्कुलबाट फर्केर आउँदा उसैसँग म आफ्नो सन्ध्याको अवकाश बिताउँथेँ । ... मलाई शून्य लाग्यो र एक्लै कोठामा बसेर म सोच्थेँ– मुनरिया के गर्दी होली ? कसरी किन बिताउँदी होली (पृ. ८१) ?

(३) लाग्यो, कोशीको तटमा बालुवाको राशिमाथि नरेन्द्र, गौरी र मुनरियाले एउटा खेलाँचीमा त्रिभुजको आकार अंकित गरे । ...... आजसम्म बसिरहेकै छ ...... (पृ. १००-१०१) ।

**नरेन्द्र दाइ – तथ्याङ्क विश्लेषण**

'नरेन्द्र दाइ' उपन्यासमा सङ्केन्द्रीकरणको प्रयोग कुन ढङ्गमा गरिएको छ भन्ने कुरालाई विश्लेषण गर्न केही पाठगत तथ्याङ्कहरू उद्धृत गरिएकाले यसै आधारमा यसको विश्लेषण गरिएको छ । तथ्याङ्क '१' मा मुनरियाका आन्तरिक बेहोरा थाहा पाइसकेका सानोबाबुले क्षण क्षणमा उसलाई स्मरण गरेको विषयलाई उसैका संज्ञानका आधारमा अभिव्यक्त गरिएको छ । तथ्याङ्क '२' मा मुनरियाका बारेमा 'म' चरित्रका मनभित्र उर्लिएका थुप्रै भावहरूलाई प्रेषित गर्न सङ्केन्द्रीकरण भएको देखिन्छ । तथ्याङ्क '३' मा नरेन्द्र, गौरी र मुनरियाले एउटा खेलाचीमा त्रिभुजको आकार अङ्कित गरेका विषयलाई समाख्याताकै संज्ञानका आधारमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत उपन्यासको सङ्केन्द्रीकरणको प्रयोगलाई समग्रमा केलाउँदा यहाँ समाख्याता सानोबाबुलाई सङ्केन्द्रक बनाई आख्यानभित्रका सूचनाहरू सम्प्रेषण गरिएको छ । यहाँ सानोबाबुका आधारमा उसका संज्ञानभित्रबाट सारा सूचनाहरू अभिव्यक्त भएका छन् । प्रथम पुरुष कथन ढाँचामा आख्यानका सूचना प्रस्तुत भएकाले समाख्याता र सङ्केन्द्रक नछुट्टिई एउटै भएको देखिन्छ । अतः उपन्यासमा लेखक, समाख्याता र चरित्र पृथक् पृथक् देखिएका छैनन् । यहाँ सानोबाबुका दृष्टिविन्दुका आधारमा सबै विवरणहरू प्रस्तुत भएका छन् । प्रायः उसैलाई मात्र प्रयोग गरेर सिङ्गो आख्यान पूरा भएको देखिन्छ । यहाँ सानोबाबुको क्षितिजभित्रबाट सबै वर्णन सकिएको हुँदा ऊ नै सङ्केन्द्रक बनेर आएको छ । बनारसमा पढ्न गएको 'म' चरित्रलाई मुनरियाले 'सानोबाबु मेरो भाइ' (पृ. ६२) भनी बोलाएपछि मात्र उसको नाम खुलस्त भएको र 'म' पात्र सानोबाबु हो भन्ने थाहा भएको छ । सानोबाबु वि.पी. हुने प्रवल सम्भावना देखिन्छ । यहाँ सानोबाबुको नाम लेखकले भनेका छैनन् । मुनरिया नामकी चरित्र विशेषबाट मात्र सानोबाबुको नाम बाहिर आएको छ । सानोबाबुका आँखाबाट, उसको ज्ञानको सीमाबाट आख्यानका सूचनाहरू प्रवाहित भएकाले ऊ समाख्याता र सङ्केन्द्रक दुवै बन्न पुगेको छ । यहाँ समाख्याता 'म' पात्र र लेखकको उचाइ एउटै छैन । त्यसैले यहाँ लेखक र समाख्याता दुवै छुट्टिएको स्थिति देखिन्छ ।

जेनेटको सङ्केन्द्रीकरणसम्बन्धी दृष्टिकोणलाई व्यापक संशोधन गर्ने बलका अनुसार उपन्यासमा समाख्याता 'म' पात्रको संज्ञानका आधारमा सूचनाहरू सीमित गरिएकाले ऊ समाख्याता सङ्केन्द्रका रूपमा चित्रित छ । जेनेटका अनुसार सानोबाबु सङ्केन्द्रक चरित्र हो भने बलका अनुसार उसलाई आन्तरिक सङ्केन्द्रक मान्न सकिन्छ । उपन्यासभित्र को कति व्यापक छ भन्ने आधारमा बलले सङ्केन्द्रकको पनि जेष्ठता हुन्छ भन्ने विचार राखेकी छिन् । यसअनुसार रचनामा वर्णित चरित्रहरूका बारेमा सबै सूचना सानोबाबुले नै थाहा पाएका आधारमा व्यक्त गरिएकाले सबै सूचना चाल पाउने व्यक्तिका नाताले सानोबाबु अथवा 'म' पात्र शक्तिशाली देखिन्छ । उसले त अधिकांश रूपमा अरू चरित्रले भनेका र सोचेका कुराहरू खुरुखुरु ओकली दिएको मात्र छ । यहाँ सानोबाबुले चरित्रका बारेमा सोचेको, आफूलाई लागेको र देखेको कुरा प्रत्यक्ष रूपमा भन्न सकेको छ । यसको अर्थ उसले अरू चरित्रका बारेमा प्रत्यक्ष सूचना मात्र दिन सकेको छ । त्यसैले ऊ यहाँ सङ्केन्द्रक बनेको देखिन्छ । लेखक तथा समाख्यातालाई

चरित्रका बारेमा सबै सूचना भन्ने छुट भएर पनि यो कलात्मक दृष्टिले उपयुक्त छैन । अतः यहाँ गौरीका मनभित्रका कुरा थाहा पाउन चिठीलाई माध्यम बनाइएको छ । गौरीले आफ्नो र नरेन्द्रका बारेमा सारा सूचना चिठीका माध्यमबाट सम्प्रेषण गरेकी छे ।

'नरेन्द्र दाइ' उपन्यासमा सानोबाबुले समाख्याताको मात्र काम नगरी चरित्रको भूमिका पनि निर्वाह गरेको छ । ऊ आख्यानभित्रको चरित्र मात्र हुन नसकेको भए सङ्केन्द्रक हुन सक्दैनथ्यो । ऊ चरित्र नभएको भए समाख्याता मात्र हुन्थ्यो । यस्तो अवस्थामा समाख्याता र चरित्र छुट्टिन्थ्यो । ऊ चरित्र पनि भएका कारणले यस उपन्यासमा समाख्याता र चरित्र छुट्टिएको छैन । अतः सानोबाबु सङ्केन्द्रक पनि र समाख्याता पनि बनेको छ । एउटा फ्रेमबाट हेर्दा सानोबाबु चरित्र मात्र हो । चरित्र त कथा भन्ने मान्छे हुन सक्दैन । समाख्याताभन्दा भित्र चरित्र बसेका हुन्छन् । यति भएर पनि कथावाचकका रूपमा ऊ समाख्याता र चरित्रका रूपमा सङ्केन्द्रक हो । सबै कथामा यस्तो प्रविधि पाउन सकिँदैन । संसारभरिका आख्यानलाई हेर्दा प्रायः समाख्याता र सङ्केन्द्रक बेग्लाबेग्लै हुन्छन् । यस उपन्यासमा भने समाख्याता र सङ्केन्द्रक एउटै देखिएको छ । यहाँ चरित्र सङ्केन्द्रकभन्दा सानोबाबु समाख्याता बाहिर रहेको छ । यसको अर्थ चरित्र सङ्केन्द्रक सानोबाबु कथाभित्र छ भने समाख्याता सानोबाबु कथाबाहिर छ । यसमा पनि लेखक तथा उपन्यासकार कोइराला समाख्याता सानोबाबुभन्दा पनि बाहिर रहेका छन् । रोचक एवम् चाख लाग्दो कुरा के छ भने कोइरालालाई अधिकांश मानिसहरू 'सान्दाइ' भन्दछन् । सान्दाइ भनेको मान्छेलाई मान्यजनलगायत परिवारजनले सम्बोधन गर्दा 'सानोबाबु' नै भन्ने अवस्था देखिन्छ । गौरी भाउजूले पनि उनलाई सानोबाबु नै भन्ने गरेकी छे । यता सानोबाबुको घरमा काम गर्ने सुसारे मुनरियाले उसलाई सम्बोधन गरेको नाम पनि सानोबाबु नै हो । यसैले संयोग के छ भने यहाँ कोइराला भनेकै सानोबाबु हुन सक्ने सम्भावना देखिन्छ । तराईलगायत बनारसको वर्णन पाइने यस उपन्यासमा सानोबाबुले बाल्यकाल बिताएको क्षेत्र तराई र अध्ययनार्थ पुगेको स्थल बनारस भएको हुँदा सानोबाबुको जीवनसँग तिनै क्षेत्रमा विभिन्न काल खण्डमा लेखकको जीवन पनि बितेको देखिन्छ । कोइरालालाई आत्मीय ठान्नेहरूले 'सान्दाइ' भनी सम्बोधन गर्ने गरेका, घरमा काम गर्ने कामदारहरू र परिवारजनले 'सानोबाबु' भनी सम्बोधन गरेका हुँदा सानोबाबु भन्ने चरित्र लेखक नै हुने स्थिति झल्कन्छ (पुडासैनी, २०६९ : १४५) ।

यसरी प्रथम पुरुष दृष्टिविन्दु प्रयोग गरी लेखिएको 'नरेन्द्र दाइ' उपन्यासमा एउटै व्यक्ति सङ्केन्द्रक, समाख्याता र लेखक हुने अलग अलग सम्भावनालाई जोडिएको छ । अतः उपन्यास अत्यन्त कलात्मक देखिन्छ । यस्तो प्रविधिबाट रचना विश्वसनीय पनि बनेको छ । यहाँ सबै चरित्रले सोचेका कुरा समाख्याताद्वारा प्रस्तुत गरिएको छैन । सर्वज्ञ दृष्टिविन्दु प्रयोग गरी सूचना प्रवाहित भएको भए त्यहाँ शून्य सङ्केन्द्रीकरण भएको रचना बन्दथ्यो । यस्तो अवस्था देखिएमा रचना पनि कमसल र लेखक पनि दुर्वल हुन्छन् । अतः यस उपन्यासमा आख्यानका सूचनाहरू चरित्र विशेषको संज्ञानमा सीमित गर्ने प्रविधिका रूपमा सङ्केन्द्रीकरणको अर्थ पूर्ण प्रयोग भएको देखिन्छ ।

## निष्कर्ष

सङ्केन्द्रीकरण दृष्टिविन्दुको विस्तारित रूप र आख्यानको नयाँ अवधारणा हो । यसलाई व्यक्ति विशेषको संज्ञानका आधारमा आख्यानका सूचना सीमित गर्ने प्रविधि मानिन्छ । आख्यानशास्त्री जेनेटले यसलाई आन्तरिक, बाह्य र शून्य गरी तीन भागमा वर्गीकरण गरेका छन् । सूचनालाई चरित्र विशेषमा सीमित नगरी सर्वज्ञ समाख्याताले असीमित रूपमा सूचना प्रवाह गरेमा त्यसलाई शून्य सङ्केन्द्रीकरण भनिएको पाइन्छ । चरित्रले आफ्नो नेटोभित्र बेग्लाबेग्लै परिस्थिति र सूचनालाई निश्चित दृष्टिविन्दुबाट हेर्दछ भने त्यसलाई बाह्य सङ्केन्द्रीकरण मानिन्छ । आख्यानभित्रको

एउटा निश्चित चरित्र विशेषको दृष्टिविन्दुलाई सीमित गरी उसकै संज्ञानका आधारमा सूचनाहरू सीमित गरिएमा त्यसलाई आन्तरिक सङ्केन्द्रीकरण भनिन्छ। सङ्केन्द्रीकरणको उत्तर जेनेटियन सिद्धान्तमा बलले आख्यानभित्रको सूचना चाल पाउने आधारमा सङ्केन्द्रक व्यक्तिको जेष्ठता हुने विचार प्रकट गरेकी हुँदा यो प्रसङ्ग स्मरणयोग्य छ।

'तीन घुम्ती' उपन्यासमा मूल चरित्र इन्द्रमायालाई सङ्केन्द्रक बनाई आख्यानका सूचना सीमित गरिएकाले आन्तरिक सङ्केन्द्रीकरणअन्तर्गत निश्चित सङ्केन्द्रीकरण भएको देखिन्छ। 'नरेन्द्र दाइ ' उपन्यासमा निश्चित ठाउँ तथा समय विन्दुबाट समाख्याता सानोबाबुलाई सङ्केन्द्रक बनाई उसैका संज्ञानभित्रबाट आख्यानका सारा सूचनाहरू प्रवाहित गरिएको छ। कोइरालालाई आत्मीय ठान्नेहरूले 'सान्दाइ' भनी सम्बोधन गरेका तथा घरपरिवारमा 'सानोबाबु' भनी सम्बोधन गर्ने गरेका आधारमा उपन्यासमा वर्णित चरित्र सानोबाबु वि.पी हुने प्रवल सम्भावना देखिन्छ। अतः यहाँ एउटै व्यक्ति लेखक, समाख्याता र सङ्केन्द्रक हुने अलग अलग सम्भावनालाई जोडेर रचनालाई कलात्मक तुल्याइएको छ। यसरी कोइरालाका समग्र आख्यानहरूमा एउटा निश्चित चरित्र विशेषको दृष्टिविन्दुबाट आख्यानका सूचनाहरू सम्प्रेषण गरिएको हुँदा आख्यानशास्त्री जेनेटले भने झैं आन्तरिक सङ्केन्द्रीकरणअन्तर्गत निश्चित सङ्केन्द्रीकरण भएको देखिन्छ। आख्यानका सूचनालाई समाख्याताले असीमित रूपबाट भन्न सक्ने अधिकारलाई सीमित गरी एउटा निश्चित चरित्र विशेषमाथि सङ्केन्द्रण गरेर सङ्केन्द्रक चरित्रको पाठात्मक शक्ति र जेष्ठता समेत बढी बनाएर आख्यान जगत्मा झ्याल दिने, झ्याल बनाउने, त्यसलाई व्यवस्थित गर्ने, चलाउने, पाठकहरूलाई पथ प्रदर्शन गर्ने तथा उनीहरूका दिमागमा सूचनाहरू सार्ने प्रविधिका रूपमा कोइरालाका आख्यानहरूमा सङ्केन्द्रीकरणको सुन्दर एवं कलात्मक प्रयोग भएको पाइन्छ।

## सन्दर्भ सामग्री


कोइराला, विश्वेश्वरप्रसाद (इ.१९७०). *नरेन्द्र दाइ.* प्रतिनिधि साहित्य प्रकाशन।

कोइराला, विश्वेश्वरप्रसाद (२०६७). *तीन घुम्ती.* (दोस्रो संस्क.). साझा प्रकाशन।

पुडासैनी, वीरेन्द्र (२०६९). *आख्यानशास्त्र र विश्वेश्वरप्रसाद कोइरालाका प्रतिनिधि आख्यान.* कोसेली प्रकाशन।

पौड्याल, परशुराम (२०६५). *कथाको रूपविन्यास : सिद्धान्त र प्रयोग.* बुद्ध एकेडेमी इन्टरप्राइजेज प्रा.लि. ।

Bal, M. (1985). *Narratology: Introduction to the theory of the narrative.* University of Toronto Press.

Chatman, S. (1990). *Coming to terms: The rhetoric of narrative in fiction and film*. Cornell University Press.

Fowler, R. (1977). *Lingustics and the novel*. Cornell University Press.

Genette, G. (1980). *Narrative discourse: An essay in method*, (Trans. Jane E. Lewin), Cornell University Press. (Orginal work published in 1972)

Herman, D. (2002). *Story logic: Problems and possibilities of narrative*. University of Nebraska Press.

Herman, D., Manfred J. and Marie-Laure R. (eds.). (2005). *Routledge encyclopedia of narrative theory*. Routledge.

Jahn, M. (1996). Windows of focalization: Deconstructing and reconstruting a narratological concept. *Style, 30*(2), 2041-67.

Jahn, M. (2005). *Focalization*. In D. Herman, M. Jahn and M. Ryan. (Eds.), *Routledge encyclopedia of narrative theory*, Routledge.

Nelles, W. (1997). *Frameworks: Narrative levels and embedded narrative.* Lang.

Niederhoff, B. (2001). Fokalisation and perspektive. *Poetica, 33*(1), 1-21.

Rimmon-Kenan, S. (1983). *Narrative fiction: Contemporary poetics*. Routledge.

Ryan, M. (1987). *On the windows structure of narritive discuss. Semiotica, 64*(1/2),59-81.

Shlomith (1983). *Narrative fiction: Contemporary poetics*. Routledge.

Simpson, P. (1993). *Language ideology and point of view.* Routledge.

Toolan, M. J. (1988). *Narrative: A critical linguistic introduction.* Routledge.